# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## बैंक तथा वित्तीय संस्थाहरुले पुँजी वृद्धि गर्नु आवश्यकः गभर्नर डा. नेपाल




गभर्नर डा.चिंरजीबि नेपालले नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा २०७२ पुस २५ गते चितवनको भरतपुरमा आयोजना गरेको मर्जर एक्विजिसन सम्बन्धी अन्तरक्रियाको समुद्घाटन गर्नु भयो । यसै क्रममा उहाँले बैक तथा वित्तीय संस्थाहरुले मर्जरप्रति जनाएको उत्साहलाई नेपाल राष्ट्र बैंकले सकारात्मक रूपमा लिएको बताउनु भयो । अर्थतन्त्रको आकार बढे पनि सो अनुरुप बैंक तथा वित्तीय संस्थाको पुँजी बढ्न नसकेको र दक्षिण एसियामा नै नेपाली बैंकहरुको कम पुँजी रहेकोले चुक्ता पुँजी वृद्धि गर्ने नीति ल्याइएको जनाउँदै उहाँले पुँजीवृद्धिका लागि मर्जर र एक्विजिसन एउटा उपयुक्त उपाय हुने बताउनु भयो । दक्षिणपूर्वी एशियाली देशहरुमा बाध्यात्मक मर्जर समेत भएको जानकारी गराउँदै उहाँले पुँजी बढाउन दिएको समय पर्याप्त रहेको धारणा राख्नुभयो । नेपालको आर्थिक विकासको लागि बैंक तथा वित्तीय संस्थाहरुले ठूलाठूला आयोजनामा लगानी गर्न सक्ने क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता भएको समेत उहाँले बताउनु भयो । मर्जरका लागि केही समस्याहरु रहे पनि त्यसको निराकरणको लागि नेपाल राष्ट्र बैंक लागिरहेको र अन्य निकायहरुसँग पनि समन्वय भइरहेको जानकारी गराउनु हुँदै गभर्नर डा. नेपालले आफुले जन्माएका संस्थाहरुको समृद्धिको लागि मर्जर तथा एक्विजिसनमा उत्साहपूर्ण ढङ्गबाट लाग्न बैंक तथा वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष र कार्यकारी अधिकृतहरुलाई सुझाव दिनुभयो ।

**२०७२ पुस २५, शनिबार**

**गभर्नरको कार्यालय**